नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

नेपाल सरकार
प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, नेपाल

## २५७० औं बुद्ध जयन्तीको शुभकामना सन्देश

बौद्ध धर्मका प्रवर्तक, राष्ट्रका गौरव, एशियाका तारा एवम् विश्व शान्तिका अग्रदुत, राष्ट्रिय विभूति गौतम बुद्धको २५७० औं बुद्ध जयन्तीको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका बौद्ध धर्मावलम्बी, शान्ति र अहिंसा प्रेमी सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिका लागी हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो भन्ने मुल मन्त्रका साथ सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याएको योगदानको स्मरण स्वरुप प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ति मनाउने गरिन्छ। बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाल लगायत विश्वका बौद्ध धर्मावलम्वीहरुले चैत्य, गुम्बा, विहार लगायत स्थलमा बौद्ध परम्परा अनुसार पूजाआजा लगायतका विभिन्न कार्यक्रमहरु आयोजना गरी जयन्ती मनाउने गर्दछन्। वर्तमान वैश्विक परिवेशमा विश्व शान्तिका प्रकाश एवं शान्तिदूत बुद्धका प्रेरणादायी उपदेश र मार्गदर्शनको परिपालन गर्न सकेमा सम्पूर्ण विश्व समुदायबिच आपसी प्रेम, सद्भाव र आत्मीयता अभिबृद्धि हुने विश्वास लिएको छु ।

अन्त्यमा, २५७० औं बुद्ध जयन्तीको शुभ अवसरमा बुद्धले प्रतिपादन गरेका अहिंसा र शान्तिको मार्ग तथा उपदेशले संसारलाई हिंसा र युद्धको बाटो छाडी अहिंसा, मित्रता र विश्वबन्धुत्वको मार्गद्वारा विश्व शान्ति कायम गर्न सदैव सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!
मिति २०८३ वैशाख १८ गते शुक्रवार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख